## सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत नगर बस सञ्चालनका लागि सन्दर्भ शर्तहरू (ToR) को मूल्याङ्कन

**(Evaluation of Terms of Reference (ToR) for Urban Bus Operation under PPP Model)**

सार्वजनिक निजी साझेदारी (Public-Private Partnership-PPP) अवधारणा अन्तर्गत निजी क्षेत्रले पेस गरेको प्रस्तावको मूल्यांकन निम्नलिखित आधार र प्रक्रियाहरूमा गरिन्छ:

### १. पृष्ठभूमि

विराटनगर महानगरपालिका कोशी प्रदेश को प्रमुख सहर तथा प्रदेश राजधानी पनी हो, जसको जनसंख्या तीव्र गतिमा बढ्दो छ । जनसंख्याको गतिशील र बसाइ सराइ समेतको जनसंख्यालाई सम्बोधन गर्न र सार्वजनिक यातायातको गुणस्तरमा सुधार ल्याउन महानगरपालिकाले निजी क्षेत्रको लगानीमा सार्वजनिक निजी साझेदारी (PPP) अवधारणाअनुसार स्मार्ट नगर बस सेवा सञ्चालन गर्न चाहेको हो ।

### २. उद्देश्य

- सार्वजनिक यातायातको पहुँच बृद्दी गर्नु,
- सुरक्षित, दिगो, अपाङ्ग मैत्री र वातावरणमैत्री बस सेवा प्रवर्द्धन गर्नु,
- निजी क्षेत्रको दक्षता, लगानी, प्रविधि र व्यवस्थापन प्रणाली प्रयोग गर्नु ।

### ३. PPP मोडेल

- मोडेल: BO (Built and Operate)
- अवधि: २० वर्ष (उपलब्धिका आधारमा नवीकरण गरिने)

### ४. कार्यको दायरा (Scope of Work)

- न्यूनतम १० बस सञ्चालन (संख्या परिवर्तनीय)
- कम्तीमा ५ मुख्य मार्गमा कम्तिमा ३ पटक दैनिक बस सेवा (आबस्यकता अनुसार फरक पर्ने)
- नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड
- डिजिटल टिकट प्रणाली (QR, कार्ड, मोबाइल एप)
- GPS ट्र्याकिङ, CCTV, यात्रु सूचना प्रणाली
- चालक र कर्मचारीको तालिम योजना
- बस पार्किङ, मर्मत, सरसफाइ, जनशक्ति व्यवस्थापन/यात्रु प्रतिक्षालय

### ५. प्रस्ताव मूल्यांकन प्रणाली

**A. प्राविधिक मूल्यांकन (७०%) (उत्तीर्ण अंक ४०)**

| SN | मूल्यांकन आधार | अधिकतम अंक |
|---|---|---|
| १ | कम्पनी अनुभव (बस सेवा) | १० |
| २ | कार्य योजना र रूट प्लान | १० |
| ३ | बसको गुणस्तर, संख्या, वातानुकूलन, वातावरणीय पक्ष | १० |
| ४ | टिकट र ICT* प्रणाली | १० |
| ५ | मर्मत, पार्किङ, सञ्चालन क्षमता/यात्रु प्रतिक्षालय | १० |
| ६ | कर्मचारी नीति (तालिम, सुरक्षा, लैङ्गिक समावेशीता) | १० |
| ७ | नवप्रवर्तन (WiFi, यात्रु सूचना, अपाङ्गमैत्री सेवा आदि) | १० |

**ICT* प्रणालीको विवरण (Information and Communication Technology)**

नगर बस सेवा सञ्चालनमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग अनिवार्य छ । यसले सेवा पारदर्शिता, सुरक्षा, र दक्षता वृद्धि गर्न मद्दत गर्छ । प्रस्तावदाताले निम्न ICT सेवाहरू प्रस्तावमा समावेश गर्नुपर्नेछ:

प्रमुख प्रशासकीय अधिकृत

- स्मार्ट टिकटिङ प्रणाली: QR कोड, स्मार्ट कार्ड वा मोबाइल एप प्रयोग गरी यात्रुहरूले टिकट काट्न सक्ने ।
- GPS ट्र्याकिङ: बसहरूको वास्तविक समय स्थान ट्र्याक गर्ने व्यवस्था ।
- CCTV निगरानी: यात्रु सुरक्षाका लागि प्रत्येक बसमा क्यामेरा जडान ।
- यात्री सूचना प्रणाली PIS (Passenger Information System): डिजिटल डिस्प्ले बोर्ड र मोबाइल एपमार्फत बसको आगमन/प्रस्थान सूचना ।
- भाडा गणना प्रणाली: यात्रा दूरी वा निर्धारित दर अनुसार स्वत: भाडा निर्धारण ।
- डाटा एनालिटिक्स प्रणाली: टिकट बिक्री, यात्रु संख्या, र सञ्चालन सम्बन्धी तथ्याङ्क महानगरसँग साझा गर्ने प्रणाली ।

**B. वित्तीय मूल्यांकन (30%)**

वित्तीय प्रस्तावको मूल्यांकन निम्न चारवटा उप-श्रेणीमा आधारित हुनेछ: (बढी अंक ल्याउने)

| SN | मूल्यांकन आधार | विवरण | अधिकतम अंक |
|---|---|---|---|
| १ | प्रस्तावित भाडा दर (Fare Structure) | यात्रुहरूलाई लिइने न्यूनतम/औसत भाडा | १० |
| २ | बीमा | बसहरू, चालक, यात्रु र अन्य सम्बन्धित पक्षको | ८ |
| ३ | राजस्व साझेदारी (Revenue Sharing) | महानगरलाई प्रस्तावित आम्दानी भाग | ६ |
| ४ | लगानी क्षमता र वित्तीय योजना | पूँजी लागत, सञ्चालन लागत, नगद प्रवाह | ६ |

प्रत्येक मूल्यांकन आधारमा तुलनात्मक र अनुपातिक विधिबाट अंक निर्धारण गरिनेछ ।

विराटनगर महानगरपालिका
प्रमुख प्रशासकीय अधिकृत